# पालुङटार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
पालुङटार, गोरखा
गण्डकी प्रदेश, नेपाल

# आ.व. ०७७/०७८ को ढुंगा, गिट्टि, बालुवा उत्खनन् गरी बिक्री गर्ने कार्यको बोलपत्र आव्हान सम्बन्धी सूचना

**(Electronic Bid Only)**

**(प्रथम पटक प्रकाशित मिति : २०७७/०८/०५ गते)**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा १ (च) ले दिएको अधिकार प्रयोग गरी यस पालुङटार नगर कार्यपालिकाको निर्णयानुसार प्राकृतिक स्रोत कर असुली सम्बन्धी कार्य आ.व. २०७७/०७८ को लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानुनी प्रक्रिया पुरा गरेका ईच्छुक फर्म/कम्पनीहरुले बोलपत्र फारम दस्तुर जम्मा गरी देहायको मिति र समय भित्र बोलपत्र पेश गर्नहुन सूचीत गरिन्छ । अन्य थप जानकारीका लागि यस कार्यालयको सूचनापाटी, तथा कार्यालयको वेभ साईट www.palungtarmun.gov.np तथा कार्यालय समय भित्र यस नगर कार्यपालिकाको कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

**ढुंगा, गिट्टी, बालुवा आदी प्राकृतिक श्रोतको उपयोगमा लिईने करको ठेक्का विवरण**

| सि.नं. | ठेक्का/बोलपत्र | बोलपत्रको नाम/संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन, २०७७ अनुसारको उत्खनन् गरिने घाटको विवरण | वार्षिक उत्खनन् गर्न सकिने परिमाण (घन फिट) | न्यूनतम ठेक्का अंक रु. मा (मु.अ.कर सहितमा) | बोलपत्र जमानत रकम (धरौटी रकम) | बोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | PMUN/GORKHA/ 077/78-01 | बार्हबिसे घाट, हवाई ग्राउण्ड घाट, बालुवा बगर घाट, भोटे बगर, ढिकुरे बगर घाट, नारायण चौर | 811067.00 | 5499035.00 | कबोल अंक (मु.अ.कर सहितमा) को ५ प्रतिशतले हुनआउने रकम | 3000.00 | |
| २ | PMUN/GORKHA/ 077/78-02 | कुना खेत, सतिघाट, अवंडा घाट, मजुवा घाट, खोलाघाट, चनौटे घाट | 555683.00 | 3767533.00 | | 3000.00 | |
| ३ | PMUN/GORKHA/ 077/78-03 | मसाने ठाटी घाट, भुसुन्डे खोला, घडेरी खोला, लामागरा | 787329.00 | 5338095.00 | | 3000.00 | |

**बोलपत्र सम्बन्धी शर्तहरु:-**

- बोलपत्र फारमको लागि बोलपत्र दाखिला हुने समय भित्र बोलपत्रदाताहरुले बोलपत्र फारम दस्तुर रकम यस कार्यालयको कृषि विकास बैंक पालुङटार शाखामा रहेको आन्तरीक राजस्व खाता नं. ०३१७७००९५९५३२०२५ मा जम्मा गरेको बैंक भौचरको Scanned Copy Upload गर्नुपर्नेछ । E-bid मार्फत सहभागीको लागि PPMO को website http://www.bolpatra.gov.np/egp मा सबै कागजातहरु Scan गरि PDF format मा बोलपत्र पेश गर्नुपर्नेछ ।
- बोलपत्र फारमहरु नियमानुसार यस नगरपलिकाको बोलपत्र फारम भरी बोलपत्रदाताले नेपाली नागरिकताको प्रमाण पत्रको अतिरिक्त व्यक्ति, संस्था फर्म वा कम्पनीले व्यवसाय दर्ता प्रमाण-पत्र र स्थायी लेखा नम्वर (मु.अ.कर सहितको) प्रमाण-पत्र तथा आर्थिक वर्ष ०७६/०७७ को कर चुक्ता वा म्याद थप, बोलपत्रको लागि योग्य रहेको र बोलपत्रदाताको लेटरहेडमा कुनै कार्यमा कसुर नभएको र सजाए नपाएको भनि स्वो घोषण पत्र, सम्बन्धित कार्यको लागि अख्तियारी पत्रको Scan गरि PDF format मा Upload सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे भित्र e-submission गर्नुपर्नेछ र e-submitted बोलपत्रहरु सोही दिनको १:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा प्रतिनिधीको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
- बोलपत्रदाताले E-bid मार्फत पेश गरेको बोलपत्र खोल्ने समयमा निजको E-bid दर्ता भएको नदेखिएमा वा Upload गरिएका फाइल Unreadable Format वा Corrupted भएमा मुल्याङ्कनमा समावेश गरीने छैन साथै बोलपत्र खोलेको सातौ दिन भित्र बोलपत्रदाताले बोलपत्र पेश गर्दा समावेश भएको कागजातहरु प्रमाणित प्रतिलिपी र अन्य आवश्यक सम्पुर्ण कागजात सक्कलै यस कार्यालयमा पेश गर्नु पर्नेछ ।
- बोलपत्र फाराम भरी पेश गर्दा आफुले कबोल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसंग लेखि तोकिएको धरौटी रकम यस कार्यालयको कृषि विकास बैंक पालुङटार शाखामा रहेको धरौटि खाता नं ०३१७७००९५९५३२०१७ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको रितपूर्वकको बैंक जमानी पत्र (विडवण्ड) पेश गर्नुपर्नेछ । कबोल गरेको रकमको अङ्क र अक्षरमा लेखिएको व्यहोरा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।
- ठेक्का सम्झौता गर्दा कबुल अङ्कको अग्रिम आयकर बापतको १.५% र मु.अ.कर बापतको १३% रकम बोलपत्रदाताले व्यहोर्ने गरी कुल जम्मा रकमलाई सम्झौता रकम कायम गरिनेछ ।
- स्वीकृत ठेक्का अङ्कलाई २ किस्तामा विभाजन गरिएको छ । पहिलो किस्ता न्युन्तम ५०% र बाँकी रकम दोश्रो किस्ता गरी २ किस्तामा विभाजन गरिएको र पहिलो किस्ता न्युनतम ५०% सम्झौता अगावै अनिवार्य दाखिला गरि बाँकीको हकमा जमानत बापत नेपाल सरकारको मान्यता प्राप्त बाणिज्य बैकबाट २०७८ श्रावण मसान्त सम्म मान्य हुने बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ । साथै बाँकी रकमको किस्ता २०७८ साल बैशाख मसान्त भित्र भूक्तान गर्नुपर्नेछ । ठेक्का सम्झौता गर्दा धरौटी पेश गरेको रकमलाई किस्ता भुक्तान गर्दा समायोजन गर्न पाईने छैन ।
- स्वीकृत ठेक्का अङ्कको पुरै रकम सम्झौताका बखत एकमुष्ट बुझाउन चाहेमा बढिमा १०% छुट दिई सम्झौता गर्न सकिनेछ ।
- तोकिएको किस्ता म्याद भित्र नबुझाएमा नगरपालिकाको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैक ग्यारेण्टीबाट असुल उपर गर्ने गरी कानुनी प्रक्रिया अपनाईनेछ । अशुल गर्न बाँकी रकममा १०% थप क्षतीपूर्ति समेत जोडी सरकारी बाँकी सरह अशुल उपर गरिनेछ ।
- कुनैपनि शर्त राखी पेश गरेको र रित नपुगेको बोलपत्र माथी कुनै कारवाही गरिने छैन ।
- बोलपत्र पेश गर्दा राखेको ५% धरौटी रकम सम्झौता भएपछि मात्र फिर्ता दिईने छ ।
- बोलपत्रदाताले सम्झौता पत्रमा पट्टापुर्जीमा तोकिएको वस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा रोयल्टी संकलन गर्नुपर्नेछ । रोयल्टी दर गण्डकी प्रदेश सरकारबाट स्वीकृत भए बमोजिम हुनेछ । सो भन्दा फरक हुने गरी कर संकलन गरेमा ठेक्का सम्झौता तोडी नियमानुसार कारवाही हुनेछ ।
- पेश भएका बोलपत्र स्वीकृत गर्ने वा अस्विकृत गर्ने, सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
- यस सूचना र बोलपत्र फारममा उल्लेख भए बाहेक अन्य कुराहरु प्रचलित ऐन, नियम अनुसार हुनेछ ।
- बिस्तृत जानकारीका लागी यस कार्यालयको सूचना पाटिमा हेर्नहुन वा कार्यालय समय भित्र यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न हुन सम्बन्धित सबैलाई जानाकारी गराइन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**